# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

-----------------------------------------------------

कोहलपुर नगरपालिकाको कार्यालय, वाँकेमा कार्यरत कर्मचारीहरुले रूखहरु कटान गर्ने सिलसिलामा नियमानुसार मुचुल्का र सिफारिस तयार गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटि गएको टोलीले कोहलपुर नगरपालिकाको कार्यालयमा मध्यस्थ संयोजक पदमा कार्यरत दुर्गालाल विश्वकर्मालाई रु.१५,०००।-(पन्ध्र हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज दुर्गालाल विश्वकर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको तथा सोही कार्यालयमा कार्यरत मुखिया ढाल बहादुर डाँगीले घुस रिसवत लिने कसुरको मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुंदा राष्ट्रसेवक दुर्गालाल विश्वकर्मालाई रु.१५,०००।-(पन्ध्र हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय र राष्ट्रसेवक ढाल बहादुर डाँगीलाई रु.१५,०००।-(पन्ध्र हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दुर्गालाल विश्वकर्मालाई हुने सजायको आधा सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता